# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विदुर,नुवाकोट
वागमती प्रदेश, नेपाल

प.सं.:०७९।०८०
च.नं.:

☎ ०१०५६०४६९

## बालश्रममुक्त वडा घोषणा सम्बन्धी प्रस्तावको लागि फर्म सूचिकृतको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।१२।२२)

यस विदुर नगरपालिका कार्यालयले सार्वजनिक निजी साझेदारी प्रणाली अन्तर्गत फर्म, कम्पनी, सामुदायिक संस्था, गैरसरकारी संस्थाहरु मार्फत नगरपालिकाको वडा २ र ४ को बजार क्षेत्रलाई बालश्रममुक्त वडा घोषणा गर्नुपर्ने भएकोले त्यहाँका होटल, क्रसर, यातायात, कलकारखाना, इट्टा व्यापार, घरयासी कामको लागि तथा अन्य क्षेत्रको वस्तुस्थिति बुझि बालश्रममुक्त वडा घोषणा कार्य गराउन लागेको व्यहोरा सूचित गरिन्छ । सो कार्यको लागि इच्छुक योग्यता पुगेका फर्म, कम्पनी, सामुदायिक संस्था, गैर सरकारी संस्थाहरुका लागि सूचिकृत हुन यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त कार्यका लागि निर्धारित म्याद भित्र कार्यालय समयमा आई दर्ता शुल्क तिरी गर्न सकिनेछ । यस सम्बन्धी थप जानकारी आवश्यक भए कार्यालयको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ ।

१) **कार्यक्रमको संक्षिप्त विवरण:** विदुर नगरपालिका भित्र वडा नं २ र ४ को बजार क्षेत्रलाई बालश्रममुक्त वडा घोषणा गर्नुपर्ने भएकोले त्यहाँका होटल, क्रसर, यातायात, कलकारखाना, इट्टा व्यापार, घरयासी कामको लागि तथा अन्य क्षेत्रमा स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्ने कार्यमा सहजता एवं एकरुपता ल्याउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले **बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७** जारी गरेको छ । **अनुसुची १ (दफा ५ को उपदफा १ को खण्ड (ख) सँग सम्बन्धित )** बालश्रम मुक्त स्थानीय तहका लागि घरधुरी सर्वेक्षण बमोजिमको ढाँचामा तथ्यांक संकलन, विश्लेषण गर्दै प्रतिवेदन तयार गरी नगरपालिकालाई हस्तान्तरण गर्ने कार्य ।

२) **साझेदारी न्यूनतम योग्यता:** तथ्यांक संकलनका क्षेत्रमा कम्तिमा १ वर्षको कार्य अनुभव । साथै आ.ब. २०७८।७९ को करचुक्ता प्रमाणपत्र ।

३) **पेश गर्ने तरिका र समय:** ७ औं दिनको कार्यालय समय सम्ममा रु १०००। (फिर्ता नहुने गरी) ।

४) **साझेदारी छनौटका प्रावधानहरु:** पेश भएका साझेदारहरुको छनौट मूल्यांकनका आधारबाट हुने ।

५) **सम्झौताका कानुनी आधारहरु :** स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ ।

प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

Website : www.bidurmun.gov.np

Email : info@bidurmun.gov.np